# वन सहजकर्ता सञ्जालको महाधिवेशनले वन क्षेत्रलाई दिएको नयाँ सन्देश

समुदायमा आधारित वन व्यवस्थापन पद्दतीमा सहजीकरण गर्नेहरुको साझा संस्था वन सहजकर्ता सञ्जाल नेपालको तेस्रो राष्ट्रिय महाधिवेशन सम्पन्न भएको छ। २०७० श्रावण ११ देखि १३ सम्म सञ्चालन भएको यो महाधिवेशनले केही महत्पूर्ण सन्देशहरु दिन सफल भएको छ। कुनै पनि संस्थाको महाधिवेशनहरु आफैमा महत्वपूर्ण तर नियमित घटना हो। नेपालको वन क्षेत्रको ३० प्रतिशतको हाराहारीमा समुदायद्वारा व्यवस्थापन भैरहेको छ। ती समुदायहरुलाई सहजिकरण गर्नेहरुको साझा संस्थाको महाधिवेशनलाई वन क्षेत्रले चासोको रुपमा लिएको थियो।

यस माथी थप भारतमा सामुदायिक आन्दोलन चलाइरहेका अभियन्ताहरु अशोक चौधरी, रोमा मलिक, अभिजीतको प्रतिनिधित्वले यस महाधिवेशनको झनै महत्व थपी दिएको थियो। उनीहरुको अभियान र वन अधिकारको अनुभव आदान प्रदानले नेपाली अभियानलाई हौसला प्रदान गरेको थियो। सामुदायिक वनको सन्दर्भमा नेपालले भारतलाई हस्तक्षेप गरी सिकाउन सक्छ भन्ने धारणा चौधरीको रहेको थियो। त्यसै गरी सहजकर्ताको नेटवर्किङ पद्धतीलाई सिक्नका लागि कम्बोडिया र थाइलैण्डवाट समेत आएका थिए। यस अर्थमा यस पटकको महाधिवेशनमा अन्तरराष्ट्रिय स्तरको जमघट रहेको थियो। त्यसैगरी उद्घाटन समारोहमा पूर्व वन मन्त्री भानुभक्त जोशी, वन विभागका महानिर्देशक विश्वनाथ ओली, सामुदायिक वन अन्तराष्ट्रिय सञ्जालका घनश्याम पाण्डे, नेपाल वन प्राविधिक संघका प्रा.डा. अभयकुमार दास लगायतका विभिन्न संघसंस्थाहरुको प्रतिनिधित्व रहेको थियो। यस समारोहमा नेपालका सामुदायिक वनको प्रवर्द्धक तथा सामुदायिक वनको अवधारणा विकासको क्रममा गठन गरिएको सामुदायिक वनका सहजकर्ता डा. नारायणकाजि श्रेष्ठलाई सम्मान गरिएको थियो। श्रेष्ठले गतवर्ष वान्गारी माथाई अवार्डवाट सम्मानीत हुनु भएको थियो। सो पुरस्कार वन क्षेत्रको नोवेल पुरस्कारको रुपमा हेर्ने गरिन्छ। विश्व खाद्य संगठनद्वारा प्रदान गरिएको सो पुरस्कार पहिलो पटक नैं श्रेष्ठले प्राप्त गर्न सफल हुनु भएको थियो। उहाँलाई नेपालको सामुदायिक वनको विकासमा उल्लेखनिय भूमिका खेले वापत प्रदान गरेको थियो। महाधिवेशनको सन्दर्भ पारेर सञ्जाल स्थापनाको एक दशकको गतिविधिलाई समेटेर तयार गरेको स्मारिका विमोचन गरिएको थियो। सो स्मारिका वन अभियानका श्रृखला र सञ्जालले खेलेको भूमिका उल्लेख गरिएको छ।

करिव २०० जना प्रतिनिधिहरुको सहभागीता रहेको यस महाधिवेशनको सन्दर्भमा पारेर वन सहजकर्ता महासम्मेलन समेत आयोजना गरिएको थियो। महासम्मेलनमा विदेशी पाहुनाहरु तथा नेपालका वन विज्ञहरुवाट १९ वटा कार्यपत्र प्रस्तुत गरिएका थिए। वन क्षेत्रका सवै निकायहरुवाट कार्यपत्र प्रस्तुती तथा छलफलको व्यवस्था मिलाईएको थियो। यी कार्यपत्रहरु र ती कार्यपत्रहरु माथिको वहसवाट वन क्षेत्रको गन्तव्य निर्धारण गर्न सहयोग पुगेको छ।

**समुदाय**

सञ्जालका गतिविधि तथा यसका अवधारणाका वारेमा सवैले मुक्त कण्ठवाट प्रसंशा गरे। वन क्षेत्रमा वन सहजकर्ता एउटा अपरिहार्य शक्ति भएको निष्कर्श भएको सवै क्षेत्रवाट स्वीकार गरियो। आफ्नो संस्था प्रति सदस्यहरुको लगाव अर्को महत्वपूर्ण पक्ष मानिएको छ। यस महाधिवेशनमा कालिकोट, कञ्चनपुरदेखि झापा, संखुवासभा, भोजपुर जस्ता दूरदराजका रहेका सहजकर्ताहरुको प्रतिनिधित्व रहेको थियो। त्यो पनि आफ्नै खर्चमा। काठमाडौंमा भएको महाधिवेशनमा हिमवन्ती, फेकोफन लगायतका केही संस्थाहरुले खानाको व्यवस्था गरी दिएका थिए।

वन सहजकर्ता सञ्जालको आगामी ४ वर्षका लागि नयाँ नेतृत्व चयन भएको छ। नयाँ नेतृत्वमा सकेसम्म समावेशी वनाउनका लागि प्रयास भएको थियो। सर्वसम्मती देखि मतदान समेतको अवस्था देखियो। सायदै अनौठो विषय भनेको मूख्य पदमा सहमती तथा अन्य पदमा निर्वाचनमा जानु परेको थियो।


भोला खतिवडा

भारतवाट आएका वन अभियानकर्मीको संस्था अखिल भारतीय वनजन श्रमिक यूनियन, फेकोफन, हिमवन्ती र वन सहजकर्ता सञ्जालको संयूक्त वैठक वसी दक्षिण एसियाली देशका विचमा सामुहिक अभियान सञ्चालन गर्ने रुपरेखा तयार गरियो। नेपाल र भारतमा भएका वन अभियानका चर्चा गरी आगामी रणनीतिहरु तयार गरियो। भारतका वन अभियानकर्मीहरुको हामी नेपाली वन अभियानकर्मी प्रति गुनासा समेत पोखे। नेपाली वन अभियानकर्मी समुन्द्रपारीका देशमा सामुदायिक वन सिकाउन पुग्दछौं। कोस्टारिका, कम्बोडिया, दक्षिण अमेरिका पुगेका छौं तर छिमेकी देश भारतमा सामुदायिक वनको अभियानका वारे सिकाउने प्रयास गरेनौं भन्ने गुनासाका वारेमा हामी पनि स्तव्ध भयौं। हामीले नेपाल र भारतका सिमा क्षेत्रमा वन अभियानका वारेमा छलफल तथा सिकाई आदानं प्रदान गर्ने सहमती समेत गर्‍यौं।

वन सहजकर्ता सञ्जालको तेस्रो महाधिवेशनवाट केही अवधारणात्मक उद्घोषहरु भएका छन्। विशेष गरी वन क्षेत्रका नीति, रणनीति तथा कानूनहरु तर्जुमा गर्दा अधिकारवाला तथा वहुसरोकारवालाहरुको प्रत्यक्ष सहकार्यमा गरिनु पर्ने, भावी संविधानमा प्राकृतिक स्रोत तथा सामुदायिक स्रोत माथि सामुदायिक हक स्थापनाका लागि सम्वन्धीत निकायहरुको ध्यानाकर्षण गर्ने गराउने, सहजकर्ताको विमा तथा उचित पारिश्रमिकको व्यवस्था हुनु पर्ने, नेपालको समुदायमा आधारित वन व्यवस्थापन पद्धतीको सिकाई अन्तराष्ट्रिय जगतमा पुर्‍याउनका लागि व्यापक पहल गर्ने जस्ता विषयहरु समेटेर घोषणा पत्र जारी गरिएको छ।

वन सहजकर्ता सञ्जालले वन क्षेत्रका सवै सरोकारवालाहरुलाई एकै मञ्चमा ल्याई वहस गर्ने वातावरण तयार गरेको छ। यस वहसले वन क्षेत्रको रुपान्तरणमा योगदान पुग्ने विश्वास लिएको छ। विश्वमा नैं वन क्षेत्रका सहजकर्ताहरुको संगठित संस्थागत स्वरुप पाइन्न। यो पक्षलाई सवै तिरवाट अनुकरण योग्य विषय मानेका छन्। त्यस माथि पनि यसतो संगठनले अन्य देशका सहजकर्ताहरु समेत आमन्त्रण गरेर सहजकर्ताहरुको महासम्मेलन गर्नु अर्को महत्वपूर्ण पक्ष भएको छ।

सञ्जालको उचाईलाई थप वढाउन आगामी ४ वर्षकालागि नयाँ नेतृत्व चयन भएको छ। जसमा अध्यक्ष भोला खतिवडा, उपाध्यक्ष सरोज कुमार पाण्डे, महासचिव अजयविक्रम मानन्धर, उपमहासचिव नेत्र प्रसाद खनाल, कोषाध्यक्ष विना श्रेष्ठ र अन्य १५ जना सदस्य सहित २० जनाको कार्यसमिति चयन भएको छ। यो समितिमा जनजाती, दलित, मुस्लीम, महिला, सरकारी कर्मचारी, पाँचै विकास क्षेत्रवाट प्रतिनिधित्व गर्ने व्यवस्था मिलाईएको छ। यो समावेशी कार्यसमितिले सहजकर्ताहरुको पक्ष पोषण तथा वन अभियानको प्रवर्द्धनका लागि क्रियाशिल हुने अपेक्षा गरिएको छ।